

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

-बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
-उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
-त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क १३७ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ जेठ १९ गते बिहीबार ❑ 2 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## जनप्रतिनिधिलाई प्रचण्डको निर्देशन : काममा माओवादी पहिचान देखियोस्

**रासस**
**काठमाडौं, १८ जेठ**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नवनिर्वाचित जनप्रतिनिधिलाई माओवादीको पहिचान देखिने गरी कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ।

बुधबारदेखि राजधानीमा आयोजित स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई प्रशिक्षण कार्यक्रममा उहाँले नेता कार्यकर्ताले पहिचान बिर्सँदै जाँदा माओवादी कमजोर भएको बताउनुभयो। “हिजो माओवादी नेता कार्यकर्ता जनताको बीचमा हुन्थ्ये, जनताको सुखदुःखमा सँगै हुन्थ्ये, खेतबारीमा सँगै काम गर्ने हुन्थ्यो, अहिले नेता कार्यकर्ता जनताको बीचमा नगएको जस्तो देखिएको छ”, उहाँले भन्नुभयो, “अब विगतजस्तै जनप्रतिनिधि जनताको सुखदुःखमा सँगसँगै हुनुपर्छ, कम्युनिष्ट क्रान्तिकारी पहिचान कायम होस्, माओवादी सच्चियो, जनताको पार्टी भयो भन्ने हुनुपर्छ।”



माओवादी र संसद्वादी दलहरूबीचको भिन्नता मेटिँदै गएको भन्दै उहाँले माओवादी हिजोका जति क्रान्तिकारी नभएको भन्ने भान जनतामा परेका बताउनुभयो । माओवादीले अहिले जितेका १२२ पालिका देशभरको नमूना हुन सक्नुपर्नेमा जोड दिँदै उहाँले अर्को चुनाव आइपुग्दासम्म देशको विकास गर्ने, जनताको सेवा गर्ने, समाजवाद स्थापना गर्ने माओवादी नै हो भनेर जनतालाई विश्वासमा लिन सक्नुपर्ने बताउनुभयो।

फेरि एकपटक माओवादीलाई चुनौतीसहित अवसर प्राप्त भएको भन्दै अध्यक्ष दाहालले श्रमलाई उत्पादनसँगै जोड्दै सामाजिक आर्थिक रुपान्तरणमा लाग्न जनप्रतिनिधिलाई दिर्नेशन दिनुभयो । नेता नारायणकाजी श्रेष्ठले उत्पादन वृद्धि, सामाजिक आर्थिक समृद्धि हासिल गर्दै समाजवादको यात्रामा स्थानीय सरकार अगाडि बढ्नुपर्ने बताउनुभयो । शिक्षा विकासको पहिला शर्त भएको उल्लेख गर्दै उहाँले शिक्षाका आमुल सुधार गर्ने नीति लागू गर्न आग्रह गर्नुभयो । “शिक्षा, स्वास्थ्यलगायत विषयमा आधारभूत अवधारणा नै परिवर्तन गर्नुपर्छ”, उहाँले भन्नुभयो, “पर्यावरणको रक्षा गर्दै हरित विकासमा जनप्रतिनिधिको ध्यान जानुपर्छ ।” दुई दिनसम्म चल्ने प्रशिक्षणमा स्थानीय सरकार सञ्चालन, सेवा प्रवाह, विकास निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, बजेट, कानुन निर्माणलगायत विषयमा विज्ञले प्रशिक्षण दिनेछन् । पार्टीका शीर्षनेता, पूर्वमन्त्री, पार्टीको विभिन्न विभागका प्रमुख एवं सङ्घीयताविद्, अर्थतन्त्र विज्ञ, पूर्वमहान्याधिवक्ता, स्थानीय सरकार सञ्चालनका विज्ञ, पूर्वप्रशासकलगायतले विभिन्न विषयमा सहभागीलाई प्रशिक्षण दिने माओवादीले जनाएको छ। अघिल्लो कार्यकालमा उत्कृष्ट काम गरेका स्थानीय तहका प्रमुखले पनि अनुभव आदानप्रदान गर्ने कार्यक्रम राखिएको छ।

प्रशिक्षणमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख, केही स्वन्तत्ररूपमा निर्वाचित उम्मेदवार गरी २६० जनप्रतिनिधि र पार्टीका शीर्षनेता एवं पूर्वस्थायी समिति सदस्य सहभागी भएका छन्। स्थानीय तहका पदाधिकारी अहिले नीति कार्यक्रम र बजेट निर्माणको तयारीमा छन्। आगामी असार १० गतेभित्र स्थानीय तहले आगामी आवका लागि बजेट प्रस्तुत गर्नुपर्छ । ‘स्थानीय सरकारको कानुनी क्षेत्राधिकार,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कामपाको समस्या समाधानमा पूर्ण सहयोग रहन्छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, १८ जेठ**

प्रधानमन्त्री शेरबहादुर देउवाले काठमाडौं महानगरपालिकाको जुनसुकै समस्या समाधानका लागि सरकारको तर्फबाट पूर्ण सहयोग रहने बताउनुभएको छ।

काठमाडौं महानगरपालिकाका नवनिर्वाचित प्रमुख बालेन्द्र साहसँगको भेटका क्रममा बुधबार प्रधानमन्त्री देउवाले महानगरको राम्रो कामका लागि आफ्नो पार्टी र सरकारको समेत पूर्ण सहयोग रहने बताउनुभएको हो । भेटमा प्रधानमन्त्रीले साहलाई कामपाको प्रमुखमा विजय भएकामा बधाईसमेत दिनुभयो । प्रमुख साहले नेपाली कांग्रेससँग सहकार्य गरेर अघि बढ्ने बताउनुभयो।



‘महानगरको कार्यपालिकामा कांग्रेसको बहुमत छ, विकासको काममा सहयोग हुन्छ, फोहोर व्यवस्थापनका लागि जेजे उपाय हुन्छ लगाउनुहोला, सबैको सहयोग हुन्छ,’ भेटमा देउवाले भने।

जवाफमा साहले महानगरमा नेपाली कांग्रेससँग सहकार्य गरेर अघि बढ्ने बताए।

## तनहुँको वन कार्यालय गण्डकी प्रदेशको उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ जेठ**

तनहुँको डिभिजन वन कार्यालय गण्डकी प्रदेशकै उत्कृष्ट भएको छ। मुख्यमन्त्रीको कार्यालयले बनाएको विभिन्न सूचकका आधारमा भएको मूल्याङ्कनमा गण्डकी प्रदेश मातहतभरिका १०५ मध्ये सो कार्यालय उत्कृष्ट बनेको हो। गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र प्रमुख सचिव रविलाल पन्थले डिभिजन वन कार्यालय तनहुँका प्रमुख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हार्दिक बधाई सहित शुभकामना



धनराज आचार्य
मेयर



भद्रकाली मन्दिर



मन्जुदेवी गुरुङ
उप-मेयर




सन्तोष बास्तोला
वडाध्यक्ष-१२



शान्ति कोइराला
वडा सदस्य-१२



गोमादेवी परियार
वडा सदस्य-१२



गोविन्दप्रसाद सिग्देल
वडा सदस्य-१२



शान्तबहादुर थापा
वडा सदस्य-१२



किरण बराल
वडाध्यक्ष १३



सुचिता तामाङ
वडा सदस्य-१३



रजनी परियार
वडा सदस्य-१३



बलबहादुर बराल
वडा सदस्य-१३



शरिफ अलिमिया
वडा सदस्य-१३

हाले सम्पन्न स्थानीय तहको निर्वाचन-२०७९ मा गण्डकी प्रदेशको राजधानी शहर विश्वमै प्रसिद्ध पर्यटकीय क्षेत्र सहित नेपालकै ठूलो महानगर पोखरा महानगरपालिकामा हाम्रा आत्मीय मित्र साथीभाइ दिदी बहिनी कालीमाताका अन्नन्य भक्त राजनयिक तथा सामाजिक व्यक्तित्व श्री धनराज आचार्यज्यू गरिमामय पदमा मेयर तथा श्री मन्जुदेवी गुरुङज्यू उपमेयर पदमा र हाम्रा संधियारा छिमेकी वडाहरुमा वडा नं. १२ बाट वडाध्यक्ष पदमा सन्तोष बास्तोलाज्यू वडा सदस्यहरुमा क्रमश: शान्ति कोईराला, गोमादेवी परियार, गोविन्दप्रसाद सिग्देल र शान्तबहादुर थापा साथै वडा नं. १३ बाट वडा अध्यक्ष पदमा श्री किरण बरालज्यू सहित वडा सदस्यहरु क्रमश: सुचिता तामाङ, रजनी परियार, बलबहादुर बराल र शरिफ अलिमियाज्यूहरु अत्यधिक मत ल्याई निर्वाचित हुनु भएकोमा हार्दिक बधाई दिन चाहन्छौं, साथै पोखरा नगरीलाई सुन्दर शान्त सभ्य र समृद्ध बनाउन तथा कालीमाताको आँगन सिँगार्न यहाँहरुलाई सत् निर्णय सहित सही कार्ययोजनालाई अगाडि बढाउन यहाँहरुको कार्यकाल पूर्ण सफल रहोस् भनी कालीमातासँग प्रार्थना गर्दै कालीमाताको अष्ठभूजा यहाँहरुको शिरमा सधैं छाईरहोस् बनिरहोस् भन्ने कामनाका साथ हार्दिक बधाई ज्ञापन गर्दछौ।

*अन्त्यमा काली माताले हामी सबैको कल्याण गरुन्।*

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष तथा

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार, पोखरा-१२/१३**

# ११ हजार सेवाग्राहीलाई घरमै भत्ता

प्रकाश डोटेल
स्याङ्जा, १८ जेठ

स्याङ्जाका दुई नगरपालिकाले सामाजिक सुरक्षा (भत्ता) वापतको रकम झण्डै ११ हजार सेवाग्राहीलाई घरमै पुऱ्याउने भएका छन् ।

जिल्लाका ११ पालिका मध्ये पुतलीबजार र गल्याङ नगरपालिकाले १० हजार ९ सय ८१ जनालाई सामाजिक सुरक्षा (भत्ता) वापतको रकम घरमै पुऱ्याउने भएका हुन् ।

नगरका बैंक तथा वित्तीय संस्थासँगको साझेदारीमा दुबै नगरपालिकाले घरघरमा भत्ता पुऱ्याउन लागेका छन् । पुतलीबजारका ११ र गल्याङ्का ७ बैंक मार्फत घरघरमा भत्ता पुऱ्याउन लागिएको हो । जिल्लाका ९७ वडा मध्ये पुतलीबजारका १४ र गल्याङ्का ११ गरी ३० वडाका सेवाग्राहीले घरमै भत्ता पाउने भएका छन् ।

चालु आर्थिक वर्ष २०७८/७९ को त्रैमासिक रुपमा चौथो तथा अन्तिम किस्ता भत्ता पाउनेको संख्या पुतलीबजारमा ६



हजार ४ सय ४८ छन् भने गल्याङ् मा ४ हजार ५ सय ३३ रहेका छन् । ग्रामीण क्षेत्रबाट मुकाम केन्द्रित बैंकमा जान सास्ती छ भने लामबद्ध भएर भत्ता लिन उत्तिकै असहज भएको गुनासो बढेसँगै नगरपालिकाले भत्ता स्वरुपको रकम घरमै पुऱ्याउने निर्णय गरेका छन् ।

जेष्ठ, दलित नागरिक, एकल र विधवा महिला र अपाङ्गलाई हिडडुलमै समस्या त्यसमाथि लामबद्ध भएर बैंकमा पालो कुर्नपर्ने बाध्यता हटाउन तत्काल निर्णय लिएको पुतलीबजारका नगरप्रमुख तुलसीराम रेगमीले बताए । सके घरघरमै नसके टोलटोलमा पुगेर बैंक मार्फत भत्ता रकम वितरणको व्यवस्था मिलाएको प्रमुख रेगमीले बताए ।

प्रत्येक वडामा ३० देखि ५० लाखसम्म नगद वितरण गनुपर्ने छ । प्रत्येक त्रैमासिकमा पुतलीबजारमा ६ करोड ५० लाख र गल्याङ्मा ४ करोड ३० लाख बढि रकम वितरण गर्नुपर्ने हुन्छ । नगद र सुरक्षाको आवश्यक व्यवस्था स्थानीय सुरक्षा निकायसँगको सहकार्यमा नगरपालिकाले मिलाउने भएपछि घरघरमा भत्ता पुऱ्याउन बैंकहरु राजि भएका छन् । "घरघरमै भत्ता पुऱ्याउने काम त्यत्ति सहज नभएपनि पहिलो चरणमा नगरका ग्रामीण भेगमा लैजाने काम गर्छौं ।" गल्याङ् नगर प्रमुख गुरुप्रसाद भट्टराईले भने, "भत्ता वापतको नगद वितरण ग्रामीण भेगबाट शहर केन्द्रित गर्ने तयारीमा छौं ।" जोखिम न्यूनिकरण गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउन आन्तरिक रुपमा आवश्यक तयारी गरिएको प्रमुख भट्टराईले बताए ।

नगरपालिकाले घरघरमा भत्ता पुऱ्याउने भएपछि जिल्लास्थित अपाङ्ग महासंघले खुसि व्यक्त गरेको छ । महासंघका जिल्ला अध्यक्ष युवराज शर्माले सवारी भाडा र खाजा खर्चको व्यवस्था गरेर सहयोगीको सहारामा भत्ता लिन जानुपर्ने बाध्यता हट्ने भएपछि अपाङ्गता व्यक्तिहरु खुसि भएको सुनाए ।

दुई पालिकाले चुनावी प्रतिबद्धता अनुरुप घरघरमै भत्ता पुऱ्याउने भएपछि जिल्लाका अन्य पालिकाले समेत चासो व्यक्त गरेका छन् । पुतलीबजार र गल्याङ्ले घरमै भत्ता पुऱ्याउने निर्णय गरेसँगै चापाकोट नगरपालिकाल जोखिम न्यूनिकरण गरेर घरघरमा भत्ता पुऱ्याउने तयारी थालेको नगरप्रमुख देबबहादुर खाँण 'ईश्वर' ले बताए । चापाकोटले घरमै भत्ता पुऱ्याउने गरी आन्तरिक तयारी थालेको खाँणले जानकारी दिए ।

# गरिमा बैंकद्धारा सुरक्षा बेल्ट हस्तान्तरण

पोखरापत्र संवाददाता
स्याङ्जा, १८ जेठ

गरिमा विकास बैंकले जिल्ला प्रहरी कार्यालय स्याङ्जालाई सुरक्षा बेल्ट हस्तान्तरण गरेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले २ सय ७२ थान रात्रिकालिन सुरक्षा बेल्ट जिल्ला प्रहरी कार्यालय स्याङ्जालाई हस्तान्तरण गरेका हुन् ।

सामाजिक उत्तरदायित्व काम गर्दै आईरहेको बैंकले सोहि अर्न्तगत गणतन्त्र दिवसको अवसर पारेर सो सामग्री हस्तान्तरण गरेको हो । रात्रिकालिन अवस्थामा खटिने ट्राफिक प्रहरीहरुका लागि अत्यन्त आवश्यक सुरक्षा बेल्ट




प्रहरीलाई हस्तान्तरण गरेको छ । सदैव संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर बैंकले समाजको विकास र स्तरोन्नतीका लागि निरन्तर काम गर्दै आईरहेको बैंकका पुतलीबजार शाखा प्रमुख प्रेमकिशोर अर्यालले जानकारी दिए ।

गरिमा विकास बैंकले नेपालभर १ सय २१ शाखा कार्यालय, १ एक्स्टेन्सन काउन्टर र ५१ एटिएम मार्फत सरल, सुलभ एवं सुरक्षित सेवा प्रदान गर्दै आईरहेको बताएको छ ।

# जहाज दुर्घटनामा परेका मृतकको शव परीक्षण गरिँदै

रासस
काठमाडौं, १८ जेठ

प्रतिकूल मौसमका कारण आइतबार मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा दुर्घटनामा परेको तारा एयरको जहाजमा मृत्यु भएकाको शव परीक्षण गर्न सुरु गरिएको छ ।

मृतक २२ जनाकै शवको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव परीक्षण गर्ने कार्य भइरहेको अस्पतालले जनाएको छ । तारा एयरको ९ एनएइटी कलसाइन भएको उक्त ट्विनअटर विमान दुर्घटनामा परेर ज्यान गुमाएका २२ जनाको शव परीक्षण गरिँदैछ । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव परीक्षण भइरहेको छ । अस्पतालका अनुसार अहिलेसम्म १० वटा शव परीक्षण गरिसकिएको छ । शव परीक्षण सकिएपछि एकैपटक मृतकका आफन्तलाई शव हस्तान्तरण गरिने अस्पताल व्यवस्थापनले जनाएको छ । आइतबार पोखराबाट उडेको उक्त ट्विनअटर विमान सोमबार बिहान मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेस्थित मानापाथी हिमालको फेदीमा दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो । उक्त जहाज दुर्घटनामा परी चालक दलका तीन सदस्य, १३ नेपाली नागरिक, चार भारतीय नागरिक तथा दुई जना जर्मन नागरिकको ज्यान गएको थियो ।

# तनहुँको...

कोमलराज काफ्लेलाई हालै नगद रु ३० हजारसहित प्रमाणपत्रले पुरस्कृत गर्नुभयो । प्रदेश सरकारको मूल्याङ्कनमा सुशासन तथा पारदर्शी ढङ्गले काम गर्ने शैली, सबै सरोकारवालालाई समेटेको, पार्क निर्माण गरी आम्दानी गरेर दिगोरुपमा व्यवस्थापनको मोडालिटीसमेत तयारी कार्यसम्पादन गरेको, मानव र वन्यजन्तु द्वन्द व्यवस्थापनमा अनुकरणीय काम गरेको, वासस्थान, व्यवस्थापन र जनचेतनामूलकलगायतका कार्य प्रभावकारीरुपमा सञ्चालन गरेकाले उत्कृष्ट बन्न सफल भएको जनाइएको छ । त्यसैगरी, चोरी शिकारी नियन्त्रण राजस्व बढाएको, बेरुजु शून्य, नर्सरी बिरुवा गाउँमै वितरण गर्ने, आगलागी नियन्त्रणमासमेत सो कार्यालयले राम्रो काम गरेको जनाइएको छ । सामुदायिक वनको आम्दानीबाट विपन्नको आयआर्जन बढाउनेजस्ता कार्यले पनि सो डिभिजन वन कार्यालय चर्चामा आएको थियो ।

सव डिभिजनस्तरीय नर्सरीमा स्तरोन्नति, उच्चस्तरीय प्रजाति केन्द्रीत उत्पादन, फलफूल, बिरुवा लक्षित समूह केन्द्रित अनुकरणीय तथा विविध अभियानलगायतका काम गरेका कारणले सो कार्यालय पुरस्कृत भएको तनहुँका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो ।

# जनप्रतिनिधिलाई...

काम, कर्तव्य र अधिकार', 'स्थानीय तहमा स्वास्थ्य र शिक्षा', 'सङ्घीयता र स्थानीय सरकार', 'स्थानीय तह र सामाजिक न्याय', 'स्थानीय सरकार र सुशासन', 'स्थानीय तहको नीति, योजना र कार्यक्रम', 'स्थानीय अर्थतन्त्रको निर्माण र नेपाली विशेषताको समाजवाद', 'स्थानीय तहको लेखा प्रणाली', 'स्थानीय तहको बजेट निर्माण' र 'स्थानीय तहमा वन, वातावरण र विपद् व्यवस्थापन'लगायत विषयमा प्रशिक्षण दिइने माओवादीले जनाएको छ ।

दोस्रो दिन अर्थमन्त्री जनार्दन शर्मा, राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुँयाल, पूर्वमन्त्री एवं पार्टीको श्रम, अर्थ तथा योजना विभागका प्रमुख वर्षमान पुन, चार्टर्ड एकाउन्टेट चन्द्रकान्त भण्डारी, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, विज्ञान तथा प्रविधि विभागका प्रमुख एवं पूर्वमन्त्री गणेश साह, पूर्वमन्त्री शक्तिबहादुर बस्नेत, प्रविधिविज्ञ सुलभ बुढाथोकी र डा शैलेन्द्र गिरीले प्रशिक्षण दिने छन् ।

# बतास समूहले पशुपति धर्मशालामा होटल सञ्चालन गर्न नपाउने

रासस
काठमाडौं, १८ जेठ

जिल्ला अदालत काठमाडौँले बतास समूहलाई पशुपति धर्मशालामा होटल सञ्चालन गर्न दिनेगरी भएको अन्तरकालीन आदेश बदर गरेको छ। न्यायाधीश विनोदकुमार पोखरेलको इजलासले आज यसअघि गत चैत २५ गते बतास समूहका पक्षमा दिएको अन्तरकालीन आदेश बदर गरिदिएको हो ।

यो आदेशसँगै उक्त समूहले पशुपति धर्मशालामा होटल सञ्चालन गर्न नपाउने भएको छ । "करार उल्लङ्घन भई करार नै बदर भइसकेको अवस्थामा करारको परिपालना गराउन एकपक्ष बाध्य हुनसक्ने कुरा देखिदैन", आदेशमा भनिएको छ, "तसर्थ प्रतिवादी पक्षबाट करार भङ्ग गरिसकिएको स्थितिलाई बादी पक्ष समेतले स्वीकार गरी रहेको पाइन्छ, तसर्थ भङ्ग भइसकेको करारलाई यथावत् पालना गर्न मिल्ने अवस्था कानूनत देखिएन ।" पशुपति क्षेत्र विकास कोषले यसअघि करार भङ्ग भएको उल्लेख गर्दै होटल सञ्चालन गर्न नदिएपछि बतास समूहले अदालतमा मुद्दा दिएको थियो ।

अदालतले होटल सञ्चालन गर्न बतास समूहलाई अवरोध नगर्न अन्तरकालीन आदेश दिएको थियो । उक्त अन्तरकालीन आदेशविरुद्ध कोषले दिएको निवेदनको सुनुवाइ गर्दै आज न्यायाधीश कोष र बतास समूहबीचको करार भङ्ग भइसकेकाले पुनःहोटल सञ्चालन गर्न दिनु कानुनबमोजिम नहुने उल्लेख गर्दै अन्तरकालीन आदेश बदर गरिदिएको हो ।

# डिजेल र पेट्रोलमा लाग्दै आएको पूर्वाधार कर १० रुपैयाँले घट्यो

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

सरकारले डिजेल र पेट्रोलमा लाग्दै आएको पूर्वाधार कर घटाएको छ । डिजेल र पेट्रोलमा लिटरमा १० /१० रुपैयाँका दरले पूर्वाधार कर घटाउने निर्णय गरिएको अर्थमन्त्रालय स्रोतले बतायो । 'हामीले १०-१० रुपैयाले घटाएर उद्योग मन्त्रालयलाई मंगलबार पठाएका छौं 'मन्त्रालय स्रोतले भन्यो, 'अब मूल्य घटाउने वा निगमको घाटा घटाउने निर्णय उद्योग वाणिज्य मन्त्रालयले गर्छ ।'

# मौसम सफा नभएसम्म उडान अनुमति नदिने निर्णय लागू

रासस
काठमाडौं, १८ जेठ

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जहाज प्रस्थान गर्ने विमानस्थल र गन्तव्य विमानस्थलको मौसम सफा नभएको खण्डमा उडानको अनुमति नदिने नियम बुधबारदेखि लागू गरेको छ ।

जहाज प्रस्थान गर्ने विमानस्थल तथा पुग्नुपर्ने विमानस्थलसहित 'इनरुट' को मौसम सफा नभएसम्म जहाजलाई उडान अनुमति नदिइने नियम आजदेखि लागू गरिएको क्यानका महानिर्देशक ई प्रदीप अधिकारीले जानकारी दिनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने नियम बनाउन क्यानलाई सोमबार निर्देशन दिनुभएको थियो । क्यानले उडानका लागि बनाएको नयाँ नियम कार्यान्वयनमा समन्वय हुन नसक्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबारहुने आन्तरिक उडानमा केही समय ढिलाइ भएको थियो । उडान सुरक्षालाई ध्यानमा राखेर लागू गरिएको निर्णय कार्यान्वयनमा समन्वय हुन नसक्दा बिहान कम्तीमा पनि दुई घण्टा उडान ढिलो भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ। बिहानको मौसम सफा भए पनि ६ बजे लुक्लाका लागि उड्न लागेको जहाजलाई अनुमति नदिँदा दुई घण्टाजति रोकिएको थियो ।

मौसमबारे जल तथा मौसम विज्ञान विभागले रिपोर्ट नदिएको भन्दै क्यानले उडानका लागि अनुमति नदिँदा उडान दुई घण्टा रोकिएको बताइएको छ । प्रतिकूल मौसमका कारण देशमा पटकपटक हवाई दुर्घटना हुँदै आएको निष्कर्ष निकाल्दै क्यानले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने निर्णय गरेको हो । महानिर्देशक ई अधिकारीका अनुसार यस्तो निर्णय आँखाले अगाडि हेरेरै गर्नुपर्ने उडान प्रणाली (भीएफआर) रहेको रुट र जहाजको हकमा लागू हुने भएको छ । उक्त निर्णयपछि अब जहाज उड्ने रुटको मौसमसमेत सफा रहेको निश्चित भएपछि मात्र उडान अनुमति दिइने र यसको कडाइका साथ पालना गरिने क्यानले जनाएको छ ।

क्यानका अनुसार इनरुटको मौसम कस्तो छ भन्ने विवरण भने जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई आधार मानिनेछ। प्रतिकूल मौसमका कारण आइतबार दिउँसो मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा तारा एयरको जहाज दुर्घटनामा परेको क्यानको प्रारम्भिक अनुमान रहेको छ । उक्त जहाज दुर्घटनामा परी चालक दलका सदस्य तीन जना, १३ नेपाली, चार भारतीय तथा दुई जर्मन नागरिकसहित २२ जनाको मृत्यु भएको थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# चुनावको मिति घोषणामा अलमल नगर

स्थानीय तहको निर्वाचन परिणाम आए लगत्तै संघीय र प्रदेशको चुनावको बहस शुरु भएको छ । सत्तारूढ गठबन्धनका दलहरूको बैठकमा संघ र प्रदेशको चुनाव कहिले गर्ने भन्ने फरकफरक विचार आएको छ । स्थानीय चुनाव हुनु अघि फागुनमा चुनाव गर्नुपर्ने विचार राख्नेहरु परिणाम पछि अगावै चुनाव हुनुपर्ने पक्षमा देखिएका छन । सर्वोच्च अदालतको फैसलालाई देखाएर फागुन अन्तिम साता चुनाव हुने तर्क गर्नेहरू कार्तिक अन्तिमसम्म चुनावको मिति घोषणाको कुरा उठाइरहेका छन । चुनाव जतिसक्यो चाँडो होस भन्नू राम्रो हो । अब कुनैकुनै बाहनबाजी गेरर चुनाव सार्न दिनु हुँदैन । प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल विवाद निर्वाचन आयोगले हल गरिदिएको छ ।

प्रतिनिधिसभाको कार्यकाल कहिले सकिन्छ भन्ने राजनीतिक वृत्तमा चर्चा चलिरहेका बेला निर्वाचन आयोगले प्रतिनिधिसभाको कार्यकाल मंसिर २२ सम्म रहेको उल्लेख गर्दै सरकारलाई सुभ्राव दिने भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले प्रतिनिधिसभा चुनावको विषयमा सरकार परामर्श गर्दा मंसिर २२ सम्म रहेको जानकारी गराउने तयारी गरेका छन । 'संविधानमा ५ वर्ष भनेर लेखेको छ । प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचित भएको मितिदेखि भनेको छ । त्यो भनेको व्यक्ति निर्वाचित भएपछि प्रमाणपत्र पाएको मिति हो ।' पहिलो सांसद निर्वाचित भएको २०७४ मंसिर २२ गते हो । निर्वाचित भएको मितिदेखि भनेपछि मंसिर २२ लाई आधार मान्नु पर्छ । यही विषयलाई राखेर केही समयपछि आयोगले सरकारलाई परामर्श दिने भएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी कानुनमा आयोगसँगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था छ ।

२०७४ सालमा प्रतिनिधि सभा र प्रदेशसभाको चुनाव २०७४ मंसिर ११ र मंसिर २१ गते दुई चरणमा भएको थियो । हिमाली र उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा मंसिर ११ र पहाड तथा तराईको जिल्लाहरुमा मंसिर २१ मा निर्वाचन भएको थियो । अघिल्लो पटक समानुपातिक र राष्ट्रिय सभाबाट निर्वाचित हुने महिलाको संख्यालाई निहुँ बनाएर सत्ता लम्ब्याउने काम भएको थियो ।अब निर्वाचन आयोगले नै मुख खोलिसकेको हुँदा बाहनाबाजी गर्ने ठाउँ रहनेछैन ।

स्थानीय चुनाव भएको लगत्तै गठबन्धन सरकारले पेस गरेको बजेट चुनाव लक्षित छ । स्थानीय तहको चुनावमा अपेक्षित नतिजा निकाल्न नसकेको नेकपा एमाले पनि चाँडै चुनावको पक्षमा छ । सत्ता गठबन्धनको दलमात्रै नभएर प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि मंसिर अघि नै चुनाव गराउने विषयमा सकारात्मक देखिएको हुँदा सरकारलाई मिति घोषणा गर्न निर्वाचन आयोगको परामर्श अनुकूल हुनेछ । गठबन्धन जोगाउन र विपक्षीलाई खेल्ने मौका नदिन पनि अब अलमल गर्नु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक क्ष्मेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : क्ष्मेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# मनाङका स्थानीय तहलाई ३७ करोड ३६ लाख बजेट

**पोखरापत्र संवाददाता**
**मनाङ, १८ जेठ**

हिमाली जिल्ला मनाङका चार स्थानीय तहलाई सङ्घीय सरकारबाट रु३७ करोड ३६ लाख बजेट विनियोजन भएको छ । जिल्लाका चार पालिकालाई सङ्घ सरकारले आर्थिक वर्ष २०७९/८० का लागि बजेट बाँडफाँट गरेको हो ।

सबैभन्दा बढी मनाङ प्रवेश पालिका नासों गाउँपालिकालाई रु१९ करोड ७१ लाख बजेट विनियोजन गरिएको छ । चामे गाउँपालिकालाई रु१६ करोड ९७ लाख, मनाङ डिस्याङ गाउँपालिकालाई रु१६ करोड ४४ लाख र नार्पाभूमि गाउँपालिकालाई१४ करोड २४ लाख बजेट विनियोजन भएको मनाङ डिस्याङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीनारायण यादवले जानकारी दिनुभयो । सङ्घीय सरकारले सशर्त, विशेष अनुदान, समपूरक अनुदान, राजस्व बाँडफाँटलगायत शीर्षकमा स्थानीय तहलाई अनुदान दिने गरेको छ । सङ्घ सरकारले रणनीतिक (मनाङको मेरुदण्ड) डुम्रे-बेँसीसहर-चामे मनाङ सडक निर्माणका लागि बजेट विनियोजन गरेको छ । बहुवर्षीय योजनाका रुपमा सङ्घ सरकारले रु६१ करोड २८ लाख बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले दिने अनुदान, सङ्घीय अनुदान र स्थानीय स्रोतसमेत समावेश गरेर स्थानीय तहले बजेट निर्धारण गरेको छ । सङ्घीय सरकारको बजेट आएसँगै मनाङका स्थानीय तहले धमाधम नीति तथा कार्यक्रम र बजेट निर्धारणका लागि योजना तर्जुमा भेला गरी सुभ्राव सङ्कलन गरिरहेका छन् ।

# ठेकेदारलाई सात दिने स्पष्टीकरण

**पोखरापत्र संवाददाता**
**गलकोट, १८ जेठ**

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको हटिया-बुर्तिबाङ खण्डमा अधुरो कालोपत्र भएको छ ।

निर्माण कम्पनीले कालोपत्र गेरर सडक नबुभ्राउँदै सडकमा खाल्डा परेको, मापदण्डअनुसार कालोपत्र नसकेको र आवश्यक पूर्वाधार सम्पन्न नगरेको भन्दै मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतले ठेकेदार कम्पनीलाई सात दिने स्पष्टीकरण सोधेको छ ।

मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतले निर्माण व्यवसायीका नाममा आज एक सूचना प्रकाशित गर्दै सात दिनभित्र कार्यालयमा आई लिखित स्पष्टीकरण पेश गर्न भनेको छ । मध्यपहाडी राजमार्गमा काम सन्तोषजनक नभएपछि निर्माणको जिम्मा पाएको स्वच्छन्द-शङ्करमाली जेभीलाई स्पष्टीकरण सोधेको हो । हटिया-बुर्तिबाङ खण्ड निर्माणको प्रगति सन्तोषजनक नभएको भन्दै आयोजनाले सात दिनभित्र स्पष्टीकरण बुभ्राउन भनेको हो । स्वच्छन्द-शङ्करमाली जेभीका आधिकारिक प्रतिनिधि इ हेमराज गुभाजुका नाममा आयोजनाले सात दिनभित्र आधिकारिक प्रतिनिधि स्वयं कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेश गर्न र सडक मर्मत तथा निर्माणको काम चाँडो सम्पन्न गर्न सूचना जारी गरिएको छ । कालोपत्र भएको सडकसमेत खाल्डा परेको, फिनिसिङ नगरेको र सम्भौताअनुसारको पूर्वाधार नबनाएको तथा पटक-पटक आयोजनाको निर्देशनलाई अटेरी गरेकाले स्पष्टीकरण सोधेको मध्यपहाडी राजमार्ग आयोजना कार्यालयका प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिनुभयो ।

सात दिनभित्र निर्माण कम्पनी कार्यालयमा आएर उचित जवाफ नदिए प्रचलित कानुन एवं ठेक्का सम्भौताका शर्तबमोजिम कारबाही प्रक्रिया अघि बढाउने आयोजनाले चेतावनीसमेत दिएको छ ।

ठेक्काअन्तर्गत सडक मर्मत तथा निर्माणको काम सन्तोषजनक नभएपछि र लामो समय व्यतित हुँदा पनि कार्य प्रगति सुधार नभएपछि आयोजनाले स्वच्छन्द-शङ्करमाली जेभीलाई पटक-पटक मौखिक तथा लिखित निर्देशन दिएको थियो ।

# धवलागिरिले चिकित्सक र इञ्जीनियर पढाउने

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ जेठ**

म्याग्दीको धवलागिर गाउँपालिकाले छात्रवृत्तिको व्यवस्था गेरर चिकित्सक र इञ्जीनियर पढाउने भएको छ ।

मुनामा गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनको अध्यक्षमा मङ्गलबार बसेको कार्यपालिकाको पहिलो बैठकले सो निर्णय गरेको हो । उत्कृष्ट एक-एक विद्यार्थीलाई चिकित्सर इञ्जीनियर बन्न अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने निर्णय भएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले जानकारी दिनुभयो ।

भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गाउँपालिकामा चिकित्सक, इञ्जिनियरलगायत प्राविधिक जनशक्तिको कमी भएकाले ती विषय अध्ययनका लागि कार्यविधी बनाउने र बजेट व्यवस्थापन गर्ने निर्णय गरेका हुन् ।

# बागलुङका स्थानीय तहलाई चार ३४ करोड ८१ लाख अनुदान

**रासस**
**बलेवा, १८ जेठ**

जिल्लाका १० स्थानीय तहलाई सङ्घीय सरकारबाट रु चार अर्ब ३४ करोड ८१ लाख बजेट विनियोजन भएको छ । जिल्लाका चार नगरपालिका र ६ गाउँपालिकालाई सङ्घीय सरकारले आर्थिक वर्ष २०७९/८० का लागि बजेट बाँडफाँट गरेको हो ।

सबैभन्दा बढी बागलुङ नगरपालिकालाई रु ८५ करोड २५ लाख बजेट विनियोजन गरिएको छ । गलकोट नगरपालिकालाई रु ५१ करोड एक लाख, जैमिनी नगरपालिकालाई रु ५२ करोड २४ लाख र ढोरपाटन नगरपालिकालाई रु ३७ करोड एक लाख बजेट विनियोजन भएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो ।

यस्तै बडिगाड गाउँपालिकालाई रु ४८ करोड चार लाख, काठेखोलालाई रु ३९ करोड ७६ लाख, निसीखोलालाई रु ३३ करोड १२ लाख, बरेङलाई रु ३० करोड पाँच लाख, ताराखोलालाई रु २६ करोड ४३ लाख र तमानखोला गाउँपालिकालाई रु २१ करोड ९० लाख बजेट विनियोजन गरिएको छ । सङ्घीय सरकारले सशर्त, विशेष अनुदान, सपपूरक अनुदान, राजश्व बाँडफाँटलगायतशीर्षकमा स्थानीय तहलाई अनुदान दिने गरेको छ ।

प्रदेश सरकारले दिने अनुदान, सङ्घीय अनुदान र स्थानीय स्रोतसमेत समावेश गेरर स्थानीय तहले बजेट बनाउने गरेका छन् । सङ्घीय सरकारको बजेट आएसँगै बागलुङका स्थानीय तहले धमाधम नीति तथा कार्यक्रम र बजेट बनाउने काम थालेका छन् । समयमै नीति तथा कार्यक्रम र बजेट ल्याउनका लागि काम भइरहेको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो ।

# बागलुङ बजारमा सिसी क्यामरा पुनः जडान गरिँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ जेठ**

बागलुङ बजारभित्र सिसी क्यामरा व्यवस्थापन गर्ने काम पुनः सुरुआत हुने भएको छ । बागलुङ नगरपालिका र बागलुङ उद्योग वाणिज्य सङ्घ तथा सुरक्षा निकायका संयुक्त सहकार्यमा बजार क्षेत्रमा क्यामरा जडान गर्ने प्रक्रिया अघि बढेको हो ।

बजारको शान्ति सुरक्षालाई मध्यनजर गरी बजारका विभिन्न चोकमा पुनः सिसी क्यामरा जडान गर्ने प्रक्रियाअघि बढेको सङ्घका अध्यक्ष युवराज राजभण्डारीले जानकारी दिनुभयो । यसअघि बजारमा जडान भएका २९ सिसी क्यामरा प्रयोगविहीन अवस्थामा छन् । आवश्यक मर्मतसम्भारको अभावमा तीन वर्षयता प्रयोगविहीन भएका क्यामरा विस्थापन गेरर नयाँ क्यामरा जडानका लागि नगरपालिकाले रु १५ लाख विनियोजन गरेको छ । सङ्घको रु ८ लाख र बाँकी अपुग रकम व्यवसायीसँगबाट सहयोग सङ् कलन गेरर भए पनि बजार क्षेत्रमा सिसी क्यामरा जडान गर्ने काम सुरु गरिने अध्यक्ष राजभण्डारीले जानकारी दिनुभयो । सिसी क्यामरा जडान र यसका लागि आवश्यक पूर्वाधार तयार गर्नका लागि रु ३० लाख लाग्ने अनुमान छ ।

"नवनिर्वाचित मेयरले नपुगेको रकम दिने भन्नुभएको छ, हामीले २०० क्यामरासम्म धान्न सक्ने लागत राख्दैछौं, उहाँले भन्नुभयो, "नाइट भिजनसमेत दिने क्यामरा जडान गर्नुपर्ने छ, तब मात्रै अपराध र चोरी नियन्त्रणमा लागि सहयोगी बन्छ ।" बजारमा नगरप्रमुख बसन्तकुमार श्रेष्ठ सङ्घको अध्यक्ष रहेका बेला सिसी क्यामरा जडान गरिएको थियो । बढ्दो सहरीकरणसँगै समाजमा अपराध तथा चोरीका घटना बढ्दै गएको समयमा नगरलाई सुरक्षित बनाउन बजारका विभिन्न चोकमा ८५ क्यामरा जडान गर्ने योजना रहेको उहाँले बताउनुभयो । जिल्ला प्रहरी कार्यालयमा कन्ट्रोल रुम राखेर निगरानी गरिने छ । नेपाल विद्युत् प्राधिकरणले विद्युतका पोल स्थानान्तरण गर्ने क्रममा बिग्रिएका र निकालिएका क्यामरा पुनः जडान हुन नसक्दा बजारमा हुने आपराधिक घटनाको अनुसन्धानमा समस्या हुँदै आएको थियो । सिसी क्यामराले बजार क्षेत्रमा हुने चोरी र अपराधका घटना अनुसन्धानमा सहयोगी बन्ने प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले बताउनुभयो । बजार क्षेत्र विस्तार भइरहेको बागलुङ -४ को उप्ल्लाचौर र पाखाथरमा समेत मुख्य चोकमा क्यामरा जडान गर्ने योजना छ । यसका लागि काम सुरु गर्न सङ्घले यहाँका केबल टिभी व्यवसायीसँग संवाद भइरहेको जनाएको छ । सबै पक्षको सहयोग र समन्वयमा सिसी क्यामरा जडानको काम हुने नगरप्रमुख श्रेष्ठ बताउँछन् । बजारलाई सुरक्षित बजार बनाउनका लागि सिसी क्यामरा तत्काल आवश्यक रहेको यहाँका सुनचाँदी व्यवसायी अनिश खातीले बताउनुभयो ।

# देशका अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, १८ जेठ**

अभ्रै केही दिन देशको अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ ।

प्रि-मनसुन गतिविधि सक्रिय रहेकाले देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा र अन्य प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विभागका मौसमविद् राजु प्रधानाङ्गले बताउनुभयो ।

उहाँका अनुसार प्रि-मनसुन सक्रिय हुनुका साथै स्थानीय वायु, भारतको उत्तर प्रदेश, बिहार आसपास रहेको न्यूनचापीय रेखा र पश्चिमी वायुको प्रभावसमेत रहेको छ । 'यी प्रणालीको प्रभाव मनसुन भित्रिएपछि मात्र कमजोर हुने देखिएको छ', मौसमविद् प्रधानाङ्गले भन्नुभयो । मनसुन भित्रिने औसत समय जुन १३ मानिएको छ । रातका समयमा प्रदेश नं १, मधेस प्रदेशका थोरै स्थानमा र बागमती प्रदेश, गण्डकी प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

बिहीबार देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा भई प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणानुसार बुधबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १८ दशमलव ६ डिग्री र अधिकतम तापक्रम २६ दशमलव ६ डिग्री सेल्सियस रहेको छ । त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम ११ दशमलव सात डिग्री र सबै भन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३८ दशमलव ९ डिग्री सेल्सियस रहेको छ ।


## राहदानी / नागरिकता हराएको सूचना

मिति २०७९ साल जेठ १२ गतेका दिन भद्रकालीदेखि शितलादेवी तर्फ जाँदै गर्दा मेरो रहदानीका साथै नागरिकता हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : मदन गुरुङ
नागरिकता नं. : ४६-०१-७७-०५७०३
राहदानी नं. १२३१००६४
सम्पर्क नं. : ९८१७१७९३९३, ९८१७१९०१६८

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिक वडा नं. १२, स्थित लालिगुराँस टोल लालिगुराँस मिनि मार्ग सडक निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।**

**योजनाको नाम : लाली गुराँस मिनी मार्ग भित्रीबाटाहरु**
**योजनाको कुल लागत : रु १३,९५,२०२।–**
**महानगरपालिकाबाट प्राप्त : रु. ११,१६,१६३।–**
**उपभोक्ता समितिबाट : रु. २,७९,०४०।–**
**सम्भौता मिति : २०७८/१२/२४**
**योजना सम्पन्न मिति : २०७९/०२/२९**
**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्षः कृष्ण ब. खत्री उपाध्यक्षः वयान ब. गुरुङ**
**सचिवः जित ब. के.सी. कोषाध्यक्षः कन्चन कार्की**
**सहकोषाध्यक्षः भगवती भूजेल सदस्यहरुः डम्बरसंह गुरुङ**
**इन्द्रमायाँ सिग्देल, सुरेश थापा, सन्तोष थाप**
**अनुगमन समितिः राम प्रसाद बस्ताकोटी**
**विश्वास पोखरेल, नन्द मायाँ गुरुङ**

**लाली गुराँस टोल विकास संस्था**
**पोखरा-१२, कास्की**

# तनहुँका स्थानीय तहलाई चार अर्ब अनुदान

**पोखरापत्र संवाददाता**
**दमौली, १८ जेठ**

तनहुँका स्थानीय तहलाई सङ्घीय सरकारबाट रु चार अर्ब ३४ करोड ८७ लाख बजेट विनियोजन भएको छ।

आर्थिक वर्ष २०७९/८० का लागि जिल्लाका दश स्थानीय तहलाई उक्त बजेट विनियोजन भएको हो। चार नगरपालिका र छ गाउँपालिकालाई सरकारले अन्तर सरकार वित्तीय हस्तान्तरणमार्फत् उक्त रकम विनियोजन गरेको अर्थ मन्त्रालयले जनाएको छ। चार नगरपालिकाका लागि रु दुई अर्ब ४५ करोड ५७ लाख र छ गाउँपालिकाका लागि रु एक अर्ब ८९ करोड ३० लाख बजेट विनियोजन भएको छ।

भानु नगरपालिकाका लागि चालुतर्फ रु ५२ करोड ७३ लाख र पुँजीगततर्फ रु पाँच करोड नौ लाख गरी कूल रु ५७ करोड ८२ लाख, भिमाद नगरपालिकाका लागि चालतुर्फ रु ३९ करोड ६१ लाख र पुँजीगततर्फ रु चार करोड ९७ लाख गरी कूल रु ४४ करोड ५८ लाख, व्यास नगरपालिकाका लागि चालुतर्फ रु ७१ करोड ३९ लाख र पुँजीगततर्फ रु १४ करोड ३८ लाख गरी कूल रु ८५ करोड ७७ लाख र शुक्लागण्डकी नगरपालिकाका लागि चालुतर्फ रु ४८ करोड २३ लाख र पुँजीगततर्फ रु नौ करोड १७ लाख गरी कूल रु ५७ करोड ४० लाख विनियोजन भएको छ। आँबुखैरेनी गाउँपालिकाका लागि चालुतर्फ रु २५ करोड ३४ लाख र पुँजीगततर्फ रु तीन करोड एक लाख गरी कूल रु २८ करोड ३५ लाख, ऋषिङ गाउँपालिकाका लागि चालुतर्फ रु ३२ करोड ८३ लाख र पुँजीगततर्फ रु एक करोड ८१ लाख गरी कूल रु ३४ करोड ६४ लाख, घिरिङ गाउँपालिकाका लागि चालुतर्फ रु २४ करोड ९६ लाख र पुँजीगततर्फ रु तीन करोड ८१ लाख गरी कूल रु २८ करोड ७७ लाख विनियोजन भएको छ।

देवघाट गाउँपीलकाका लागि चालुतर्फ रु २८ करोड ६४ लाख र पुँजीगततर्फ रु दुई करोड ८६ लाख गरी कूल रु ३१ करोड ५० लाख, म्याग्दे गाउँपालिकाका लागि चालुतर्फ रु २७ करोड ७९ लाख र पुँजीगततर्फ रु चार करोड ७४ लाख गरी कूल रु ३२ करोड ५३ र बन्दीपुर गाउँपालिकाका लागि चालुतर्फ रु २७ करोड ४९ लाख र पुँजीगततर्फ रु छ करोड दुई लाख गरी कूल रु ३३ करोड ५१ लाख बजेट विनियोजन भएको छ।

# म्याग्दीका पालिकालाई दुई अर्ब ११ करोड अनुदान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ जेठ**

सङ्घीय सरकारले म्याग्दीका स्थानीय तहलाई आगामी आर्थिक वर्ष २०७९/८० का लागि कूल रु दुई अर्ब ११ करोड ६१ लाख विनियोजन गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले सार्वजनिक गर्नुभएको बजेट वक्तव्यको विवरणमा म्याग्दीको बेनी नगरपालिका र पाँच गाउँपालिकालाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान शीर्षकमा सो बजेट विनियोजन गरिएको उल्लेख छ। बेनी नगरपालिकाले रु ५१ करोड ४२ लाख, अन्नपूर्ण गाउँपालिकाले रु ३३ करोड ८३ लाख र धवलागिरि गाउँपालिकाले रु २७ करोड ६७ लाख अनुदान पाउने भएका छन्। यसैगरी मङ्गला गाउँपालिकाले रु ३१ करोड २९ लाख, मालिका गाउँपालिकाले रु ३५ करोड दुई लाख र रघुगङ्गा गाउँपालिकाले रु ३२ करोड ३८ लाख अनुदान पाउने भएका छन्। सङ्घीय सरकारले म्याग्दीमा आर्थिक वर्ष २०७८/७९ का लागि रु दुई अर्ब ६९ लाख र २०७७/७८ मा रु एक अर्ब ७७ करोड विनियोजन गरेको थियो।

सङ्घ र प्रदेश सरकारले उपलब्ध गराउने अनुदान, आन्तरिक आम्दानी र चालु आर्थिक वर्षमा खर्च हुन बाँकी अनुमानित बजेटलाई आधार मानेर स्थानीय तहले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र बजेट बाँडफाँटको प्रक्रिया थालेका छन्।

# बन्दीपुरको घरबासमा पर्यटकको चहलपहल बढ्दै

**पोखरापत्र संवाददाता**
**दमौली, १८ जेठ**

तनहुँको चर्चित पर्यटकीयस्थल बन्दीपुरमा सञ्चालित घरबास आन्तरिक पर्यटकको रोजाइँमा पर्न थालेको छ। बन्दीपुर गाउँपालिकामा सञ्चालित बन्दीपुर सामुदायिक घरबासमा हाल आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको हो।

कोभिड-१९ को जोखिम घटेपछि बन्दीपुरमा सञ्चालित सामुदायिक घरबासमा पर्यटकको चहलपहल बढेको बन्दीपुर सामुदायिक घरबास व्यवस्थापन समितिका अध्यक्ष दिलकुमारी रानाले बताउनुभयो। "कोभिड-१९ को सङ्क्रमणका कारण लामो समय बन्दीपुरको पर्यटन ठप्पै भयो," उहाँले भन्नुभयो, "अहिले जनजीवन सामान्य बनेपछि बन्दीपुर घुम्न आउनेको सङ्ख्या क्रमश बढिरहेको छ।" बन्दीपुर आउने अधिकांश पर्यटक घरबासमा बस्न रुचाउने गरेको उहाँले बताउनुभयो।

अन्य दिनको तुलनामा शुक्रबार र शनिबार घरबासमा बस्न आउने पर्यटकको सङ्ख्या बढी हुने गरेको हो। "ती दिनमा हामीलाई पाहुना स्वागत गर्न भ्याइनभ्याइ हुन्छ, उहाँहरूको स्वागतार्थ पूर्वतयारी गर्नुपर्ने पनि हुन्छ" रानाले भन्नुभयो। उहाँका अनुसार एकदिन मात्रै घरबासमा बस्ने गरेर आएका पर्यटक एकदिन मात्रै नभइ दोस्रो दिन पनि बस्ने गरेका छन्। "एक दिन मात्रै बस्दा रहर पुगेन भनेर अर्को दिन पनि बस्नुहुने पर्यटकको सङ्ख्या पनि धेरै नै छ," उहाँले भन्नुभयो। घरबासमा बस्ने पर्यटकलाई बेलुकाको समयमा स्वागत र जाने बेलामा बिदाइ गर्ने गरिएको छ। "घरबासमा बस्दा पाहुनाहरूले पारिवारिक वातावरणमा बसेको जस्तो अनुभूति भएको हामीलाई प्रतिक्रिया दिनुहुन्छ, होटलमा बस्दा त्यस्तो अनुभव गर्न सायद पाउनुहुँदैन," उहाँले भन्नुभयो।

बन्दीपुर सामुदायिक घरबास व्यवस्थापन समितिका पूर्व अध्यक्ष राजु बानियाँका अनुसार पर्यटकीय मौसमका बेलामा घरबासमा थेग्नै नसकिने भीड हुन्छ। बेमौसममा पनि समूह-समूहमा पाहुना आउने गरेको उहाँले बताउनुभयो। "समूहमा आउने पर्यटकलाई यहाँका सबै घरबासमा मिलाएर राख्ने व्यवस्था मिलाइन्छ," उहाँले भन्नुभयो। यहाँ बन्दीपुर सामुदायिक घरबास, मोहोरिया घरबास र विन्ध्यावासिनी घरबास सञ्चालित छ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बन्दीपुरमा सञ्चालित घरबासले पर्यटक आकर्षित गरेको बताउनुभयो। "बन्दीपुरको पर्यटन प्रबर्द्धनका लागि घरबासले पनि महत्वपूर्ण भूमिका निभाउँदै आएका छन्", उहाँले भन्नुभयो। पोखराबाट घरबासमा बास बस्न आउनुभएका हरि पौडेलले घरबासको आतिथ्यता र सत्कार देखेर खुशी लागेको बताउनुभयो। बन्दीपुरमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको बन्दीपुर पर्यटन विकास समितिका सचिव वसन्त पौडेलले जानकारी दिनुभयो।

बन्दीपुर गण्डकी प्रदेशको दोस्रो पर्यटकीय गन्तव्य पनि हो। यहाँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृङ्खला देखिन्छ। भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रविन्दु बन्ने गरेको छ।

कोलाहल, धुँवाधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई बन्दीपुर उत्कृष्ट गन्तव्यको रुपमा विकास भइरहेको छ।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर दूरीको डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि पर्यटकीय बन्दीपुर पुगिन्छ। १८औं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारहरूले भक्तपुरे शैलीमा घर र ढुङ्गा विछ्याइएको बाटो निर्माण गरेका थिए।

बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ। बन्दीपुर बजारमा भएका पुरानो घरको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएकाले गाउँपालिकाले बजार क्षेत्रभित्र आधुनिक र पश्चिमेलीशैली झल्किने गरी घर बनाउन निषेध गरेको छ।

# जेठमै रोपाइँ गर्न भ्याइनभ्याइ

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ जेठ**

असार नलाग्दै यहाँका किसानलाई रोपाइँको चटारो छ। सिञ्चित र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुन्छ।

जिल्लाकै धेरै धानखेती हुने गलकोटको मजुवा फाँटलगायतका ठाउँमा मध्यजेठबाटै रोपाइँ सुरु भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

केन्द्रका प्रमुख भानु भट्टराईले बाह्रैमास सिँचाइ सुविधा पुगेका र खोला आसपासका खेतमा रोपाइँ छिटो हुने बताउनुभयो। 'वर्षा पनि भइरहेकाले रोपाइँलाई सहज बनाएको छ', उहाँले भन्नुभयो, 'असारसम्ममा अधिकांश ठाउँमा रोपाइँ सकिइसक्छ।' गलकोट नगरपालिका-७ बामियाका सचित्र गुरुङले रोपाइँले किसान बेफुर्सदिला बनेको बताउनुभयो। उहाँ आफैँ पनि चार दिनयता लगातार घरकै रोपाइँमा खट्नुभएको छ। चिसापानीमा गुरुङको १५ मुरी धान फल्ने खेत छ।

'रोपाइँको चापाचाप छ, गलकोटको मजुवा, आँगाखेत, बाह्रमुरीलगायतका फाँटमा रोपाइँ चलिरहेको छ', गुरुङले भन्नुभयो, 'गलकोटमा धेरैजसो रोपाइँ जेठमै सकिन्छ।'

त्यसक्षेत्र भएर बग्ने दरमखोला र गौंदी खोलाबाट आएका कुलाले त्यहाँको ठूलो उब्जाउ भूमिलाई सिञ्चित गर्ने भएकाले रोपाइँ छिटो हुने गरेको हो। त्यहीँमाथि दैनिकजसो वर्षा हुन थालेपछि किसानलाई थप राहत मिलेको छ।

नेपालमा सामान्यतया अङ्ग्रेजी महिना जुन १० मा मनसुन भित्रिने गरे पनि कहिलेकाहीँ भने अलि छिट्टै मनसुन सक्रिय हुने गर्छ। केन्द्रका अनुसार गलकोटसहित कुश्मीसेरा, खरबाङ, निसी, बुर्तिबाङलगायतका क्षेत्र छिटो रोपाइँ हुनेमा पर्छन्। रोपाइँ हुने मुख्य महिना असार भए पनि ती ठाउँमा पहिल्यै रोपाइँ सुरु भइसक्छ। मकै बाली हुने खेतमा भने किसानले मकै भिœकेपछि असार अन्तिम र साउनसम्मै रोपाइँ गर्छन्।

यहाँको दक्षिण अमलाचौर, नारायणस्थान, बिहुँ, पाला, मालिका, बुर्तिबाङको उपल्लो भेगलगायतका ठाउँमा भने रोपाइँ ढिलो हुन्छ। असार लागेपछि रोपाइँ भएको क्षेत्रको विश्लेषण गरेर नियमित तथ्याङ्क दिन सकिने केन्द्रका प्रमुख भट्टराईले बताउनुभयो। जिल्लाको कूल पाँच हजार ८५० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ। त्यसमध्ये १० हेक्टरमा मात्र चैते धान लगाइन्छ। 'यस वर्ष धानखेती हुने क्षेत्रफल बढ्ने अनुमान छ', प्रमुख भट्टराईले भन्नुभयो, 'उन्नतमा कम र स्थानीय जातकै धानमा किसानको बढी आकर्षण देखिन्छ।'

परालको जोहो र चामलको स्वादका लागि किसानले स्थानीय जातकै धान रोज्ने गरेको उहाँको भनाइ छ। उन्नत धानतिर किसानलाई आकर्षित गर्न केन्द्रले बीउ वितरण, बीज वृद्धिलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। उन्नत जातको धान लगाउँदा १५ प्रतिशतसम्म उत्पादन बढाउन सकिने प्रमुख भट्टराईले बताउनुभयो।

# बजेट कार्यान्वयनमा जोड

**रासस**
**काठमाडौं, १८ जेठ**

सरकारले आइतबार प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को बजेटले सबै क्षेत्रलाई समेटेको भन्दै नेपाल घरेलु तथा साना उद्योग महासङ्घले बजेटको सफल कार्यान्वयनमा जोड दिएको छ।

निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिनका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बजेटले निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई मुलुकको आर्थिक विकासमा परिचालन गर्न व्यवसायीमैत्री वातावरण निर्माण गर्ने विद्यमान कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलव्ध गराउने कुरा बजेटको सकारात्मक पक्ष भएको महासङ्घको भनाइ छ। महासङ्घले बुधबार विज्ञप्ति जारी गरी कृषि क्षेत्रको रूपान्तरण र रोजगारी वृद्धि, निरपेक्ष गरिबीको अन्त्य र आर्थिक समृद्धि कार्यक्रमअन्तर्गत, आत्मनिर्भरताका लागि कृषि उत्पादनको राष्ट्रिय अभियानको वर्षका रूपमा आगामी आर्थिक वर्षमा आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम सकारात्मक पक्ष भएको जनाएको हो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिक वडा नं. १२, फुलवारी सि.टि.ई.भि.टी. अगाडिदेखि पुरानोधारा नजिक निस्कने आदर्श टोल बाटो निर्माण उपभोक्ता समितिको बाटो निर्माणमा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम : आदर्श टोल बाटो निर्माण योजना**
**योजनाको कुल लागत : रु १५,७२,६६७/००**
**महानगरपालिकाबाट प्राप्त : रु. ११,००,०००/००**
**उपभोक्ता समितिबाट : रु. ४,७२,६६७/००**
**सम्झौता मिति : २०७८/१२/२४**
**योजना शुरु मिति : २०७८/१२/२५**
**योजना सम्पन्न मिति : २०७९/०२/१६**
**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष: होमनाथ पोखरेल उपाध्यक्ष: अजय थापा**
**सचिव: पदम बहादुर जि.सी. कोषाध्यक्ष: संगिता पाण्डे**
**सदस्यहरु: राम कृष्ण अधिकारी बुद्ध लक्ष्मी श्रेष्ठ**
**इश्वर कार्की देविका नेपाल याम प्रसाद गुरुङ**

**आदर्श टोल बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१२, कास्की**



## Chapakot Municipality
## Office of The Municipal Executive
### Chapakot, Syangja
### Gandaki Province, Nepal

**INVITATION FOR SEALED QUOTATION FOR PROVIDING BROADBAND INTERNET SERVICES**

**(First Date of Publication: 2nd June, 2022)**

1. The Chapakot Municipality invites sealed quotations from registered Internet Service Providers listed in Office of Chapakot Municipality for the Supply, Delivery, Installation, Commissioning and Testing of Broadband Services in designated locations of Basic Level Community Schools of Chapakot Municipality.
2. Supply, Delivery, Installation and Testing of following items.

| S.N. | Contract Identification no. | Description of Works | Estimated Amount (with VAT) | Bid Security Amount | Cost of Bid Document |
|---|---|---|---|---|---|
| 1 | 06/NCB/ CM/SQ/ 2078/79 | Supply, Delivery, Installation, Commissioning and Testing of Broadband Services in designated locations of 30 Basic level Community Schools of Chapakot Municipality for 2 years | 7,88,430.00/- | 20,000/- | 3,000/- |

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chapakot Municipality, Suntalitaar, Syangja. (Email:chapakotmun@gmail.com, Cell Phone: 9846609720, 9846397610).
4. A complete set of bidding documents may be purchased from the office of Chapakot Municipality by eligible bidders on the submission of a written application, along with the copy of necessary document till 16th June, 2022 during office hours.
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 20,000/- which shall be valid for 30 days beyond the validity period of bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. GA.3.0 DHARAUTI A/C, 19003000003000000001 at Nepal Bank Ltd, Suntalitar Branch and submit the Receipt/Voucher of the deposited amount of cash along with the Sealed Quotation.
6. Technical and Financial Sealed bids must be submitted to the office of Chapakot Municipality, Syangja by hand before 12:00 on 17th June, 2022. Bids received aft.er this deadline will be rejected.
7. The Technical and Financial bids will be opened separately in the presence of Bidders' representatives who choose to attend at 14:00 on 17th June, 2022 at the office of Chapakot Municipality, Suntalitar, Syangja. Financial Bid will be opened if only Technical Bid is passed by the Office of Chapakot Municipality.
8. Average annual turnover of NPR 1.2 Million (Average of Best 3 yrs within last 5 years)
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.